निर्णयहरु

१. मिति २०८१/१२/०१ गते मनाइने फागु पुर्णिमा (होली) पर्व र मुस्लिम धर्मावलम्वीहरुको चलिरहेको पवित्र रमदान पर्वको अवसरमा यस जिल्लाबासीहरुको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको लागि धार्मिक गुरुहरु एवम् जिल्लावासीहरु समेतलाई शुभकामना आदानप्रदान गरियो।

२. यस जिल्लामा धार्मिक सद्भाव र सहिष्णुता कायम गर्नको लागि सबै धर्मका धार्मिक गुरुहरुले खेल्नु भएको भुमिकाको सहाना गर्दै धन्यवाद व्यक्त गरियो। साथै, जिल्लास्थित विविध धर्मावलम्विहरुविच रहदै आएको धार्मिक सद्भाव तथा सहिष्णुतालाई आगामी दिनमा अझै प्रगाढ बनाउन सरोकारवाला सवैले रचनात्मक र सहयोगात्मक भुमिका निभाउने।

३. आउँदै गरेको हिन्दु धर्मावलम्वीहरुको पर्व होली मनाउने सम्बन्धमा धार्मिक सद्भाव र सहिष्णुता कायम गरी होली पर्व मनाउने क्रममा कसैको सहमती वा इच्छा विपरित बलजफ्ती रंग लगाउने, लोला हान्ने लगायतका कार्य नगर्ने/नगराउने। विभिन्न सम्प्रदायको धार्मिक आस्थामा चोट पुग्ने खालको कुनैपनि गतिविधिहरु हुन नदिन त्रुटिरहित ढंगले शान्ति शुरक्षाको प्रभावकारी प्रबन्ध मिलाउने।

Scanned with CamScanner